१४ कात्तिक २०६९

कान्तिपुरको साप्ताहिक परिशिष्टांक

# कोसेली

**सहकारीको बढोत्तरी**

गाउँमा सानादेखि ठूलासम्मका आर्थिक कारोबार सहकारीबाटै

पृष्ठ ग





# नयाँ भारत

● दिनेश वाग्ले

तस्बिर : लेखक

**यदाकता त्यस्ता** क्षण आउँछन् जब नयाँ ठाउँमा पुगेको यात्री त्यहाँको जीवन्तता (या त्यसको अभाव) देखेर केहीबेर अल्मलिन्छ । त्यो चिसो साँझ मुस्किलले भेटिएको कोठा बार्गेनिङको प्रयाससम्म नगरी बुक गरेपछि म होटलबाट निस्केको थिएँ । सबैले 'पीबी' भन्ने सिलाङको 'पुलिस बजार' चोक किनमेलकर्ताको चहलपहल र सडकबत्तीको झिलिमिलीमा हराएको थियो । १२ सय ३६ पृष्ठको लोन्ली प्लानेट गाइडबुक 'इन्डिया' बोकेको म 'कता हानिऊँ' भनी गमखाँदै थिएँ ।

'एक्स्क्युज मी,' केटोले भन्यो, 'आर यु अ लोकल फ्रम हियर ?'

'अरे,' मैले भनें, 'भारतीय पनि होइन म, स्थानीय त परै जावस् ।'

'तर भन म कसरी तिमीलाई सहयोग गर्न सक्छु ?' गलत ठम्याइप्रति ऊ लजाएर हाँस्दै गर्दा मैले थपें ।

'यहाँ खाने अलि राम्रो ठाउँ खोज्दै थियौं हामी,' उसले भन्यो । मुस्काइरहेको उसको साथी प्रश्नवाचक आँखाले मलाई हेरिरहेको छ ।

'यहाँ छ नि,' मैले भनें, किताब पल्टाएँ र दुइटा रेस्टुरेन्टको नाम/ठेगाना बताएँ ।

परिचयात्मक केही गफपछि ठिटोले सोध्यो अलि सानो स्वरमा मेरो नाकैमुनि जस्तो आएर- 'साँच्चि याँ गाँजा काँ पाइन्छ होला ?'

'त्योचाहिँ यो किताबमा पक्कै छैन,' मैले भनें ।

त्यो थियो एक जम्काभेट । भारतको सर्वाधिक प्रतिष्ठितमध्येको शिक्षालय आईआईटी खडगपुरका यी दुई विद्यार्थी अबको एकसाता मेरा सहयात्री हुनेछन् । सिलाङमा केटाहरूले गाँजा भेट्टाउनेछन्, अलि मास्तिर संसारकै धेरै पानी पर्ने ठाउँ चेरापुन्जीमा विश्वको चौथो अग्लो छाँगोसँग जिस्किनेछन्, गुवाहाटीको ब्रह्मपुत्र नदीमा तैरिंदो रेस्टुरेन्टमा माछाभात खानेछन् र ढिला सुरु भा'को 'गरिबरथ' रेलबाट कलकत्ता पुगेपछि त्यहाँको प्रख्यात अक्स्फोर्ड पसलमा नयाँ किताब खोज्नेछन् । देशले आर्थिक सफलता पाइरहेको दशकहरूमा हुर्केका भारतीय ठिटाहरू आफूलाई अघिल्लो पुस्ताभन्दा भाग्यमानी ठान्छन् । साथै 'सिस्टम प्रभावी हुँदो हो त' प्रगति योभन्दा बढी हुने थियो भन्दै गुनासो पनि गर्छन् ।

■■■

'६० वर्ष भयो आजाद भएको,' बेलायती शासनबाट १९४७ मा मिलेको भारतीय स्वतन्त्रतालाई संकेत गर्दै ठिटोले भन्यो, 'खै हामीले के गर्‍यौं ?'

यो ठिटोलाई मैले सिलाङ जम्काभेटभन्दा केही अघि दिल्ली छाडेर उत्तरतिर लागेको रेलमा भेट्टाएको हुँ । परिचयकै क्रममा एउटा नेपाली गीत गाएर मलाई चकित पारेको त्यो गैरनेपाली देहरादुने युवकले स्वतन्त्रतापछिको उपलब्धिबारेको प्रश्न त्यही डिब्बामा रहेका भारतीय रेल-वेका एक इन्जिनियरलाई गरेको हो ।

'अहिले हाम्रा जे छन् ती सबै ब्रिटिसले बनाका,' ऊ भन्छ, 'हाम्रो आफ्नै उपलब्धिचाहिँ के ?' ऊ मुख्यतः समयमा नहिँड्ने र ढिला कुद्ने भारतीय रेलहरूप्रति झोँक्किएको हो । अंग्रेजले बनाइदिएको रेल प्रणालीमा बितेका ६ दशकमा भारतले कुनै उल्लेख्य सुधार ल्याउन नसकेकोमा उसले तिक्तता पोखेको हो । छिमेकी चीनले चार/पाँच सय किलोमिटर प्रतिघन्टा दौडिने रेल प्रणाली विकसित गरिसक्दा पनि भारतका रेलहरू घन्टाको औसत एकसय किमिबाट उक्लिन नसकेकोमा ऊ असन्तुष्ट छ ।

'दुई-चारवटा नयाँ रेल थप्यौं होला, दुई-चार हजार किलोमिटर नयाँ लिक बनायौं होला,' ऊ भन्छ, 'थामथुम मात्र गर्‍यौं हामीले, उल्लेख्य प्राविधिक फड्को मार्न सकेनौं ।'

इन्जिनियरबाट सन्तोषजनक जवाफ नपाएपछि मतिर फर्किंदै ऊ आफैंलाई भारतीय असफलताको उदाहरणका रूपमा प्रस्तुत गर्छ । 'मेरो रुचि संगीतमा,' ऊ भन्छ, 'ज्यान पाल्नका लागि म एउटा प्रकाशन कम्पनीमा एकाउन्टेन्ट छु । कलेजमा मैले के पढें, थाहा छ ? मनोविज्ञान । यसमा कुनै तारतम्य छ ? म किन भद्रगोल भएँ ? किनकि मेरो देशै भद्रगोल छ ।'

जहीँतहीँ भ्रष्टाचार, मौकाहरूको अभाव र बिग्रँदो जीवनशैलीबाट दिक्क ऊ भारत छाड्न चाहन्छ ।

'हुन्न यहाँ,' ऊ भन्छ, 'मिले जान्छु अमेरिका ।' ('ट्राफिक नियम कसैले नमान्ने,' ऊ अव्यवस्थित जीवनशैलीको उदाहरण दिन्छ- 'फेरि कस्तो जाम हुन्छ, दिल्लीका सडकमा ।') बिहेको कुरो टुंग्याउन उत्तर प्रदेश जाँदै गरेको ऊ सन्दर्भ नै नपरिकन 'ला, गाडीको चाबी बिर्सेर ल्याएँछु' भन्दै साँचो देखाएर आफूसँग कार भएको संकेत गर्छ ।

■■■

'बितेका दशकमा भारतमा करौडौं मानिस गरिबीबाट निस्केको हुनुपर्छ,' मैले भनें ।

चेरापुन्जी घुमेपछि अबेर साँझ सिलाङ फर्केका हामी अघिल्लो रात एउटा खत्तम होटलमा बस्नुपरेको झोँकमा सहरको सबैभन्दा महँगो रेस्टुरेन्टमा आफूहरूलाई ट्रिट दिइरहेका थियौं । पास्ता, किङ्फिसर र हट-एन्ड-सावर अर्डर भएको छ । २२ वर्षे निथिनले वरपर आँखा डुलाइरहँदा समयवी श्वास कागजमा बेरिएको गाँजाको स्टिक खेलाइरहेको छ । कलकत्ता नजिकै खडगपुर स्थित विख्यात र भारतको पहिलो आईआईटीमा एक हप्ताको दुर्गा पूजा बिदाको मौका छोपेर उनीहरू भ्रमणमा निस्केका थुप्रै बंगालीसँग तँछाडमछाड गर्दै यो पहाडमा आएका थिए । अग्लो, लिखुरे, गाढा रङको र हिन्दी उतिसारो नजान्ने हैदराबादको निथिन बीटेक पढ्छ । अव्यवस्थित राज्य उत्तर प्रदेशको हुँ भन्न नचाहने आग्राको लामो कपाल र दाह्री पालेको मोटे श्वास (साथीले त्यसै भन्छन्) अर्थशास्त्रको विद्यार्थी । पहाडी गाँजाको गुणस्तर नाप्नु उनीहरूको ध्येय ।

'गएसाल मनालीमा संसारको सबैभन्दा राम्रो माल चाखेको,' दिउँसो चेरापुन्जी जाँदा ट्याक्सीमा गाँजा बेरिरहँदा श्वासले उत्साहित हुँदै सुनाएको थियो, 'त्यसैले पहाड भनेको पहाडै हो ।' मधुर बोली, मिजासिलो व्यवहार र व्यापक विषयमा तीक्ष्ण ज्ञान भएका केटाहरूलाई थाहा नभएको कुरा छैन ।

'पक्कै हो,' पास्ता पर्खिंदै गर्दाको गफमा श्वासले भन्यो, '९० को उदारीकरणले धेरै मानिसको जीवनमा अनपेक्षित बदलाव आयो । कल्पनामात्रै गर्न सकिने कुरामा मानिसको अचानक पहुँच हुन थाल्यो । धन्य त्यो सुधार जसले गर्दा यो आर्थिक परिवर्तन व्यापक ढंगमा भइरहेको छ ।'

'कति व्यापक ढंगमा भने,' निथिनले भन्यो, 'अचेल मान्छे मध्यमवर्ग भन्न चाहँदैनन् । कि उच्च मध्यम कि निम्न मध्यम ।'

'आर्थिक वृद्धिदर अझै पनि कम छ,' श्वासले भने ।

'भारतीयहरूले सपनै फरक देख्न थालेका छन्,' निथिनले भन्यो, 'ठूला सपना ।'

दुवै ठिटा जानकार छन् । उनीहरू यो आर्थिक सम्पन्नताको फाइदा लिने अग्रपंक्तिका मध्ये हुन् । उनीहरूलाई यो पनि थाहा छ, भारतमा अझै धेरैले नयाँ अर्थतन्त्रको स्वाद चाख्न पाएका छैनन् । 'त्यो एकदमै समस्या छ,' निथिनले भन्यो, 'यो आर्थिक वृद्धिले सबैलाई समेट्न सकेको छैन ।'

तर, केटाहरू सहमत छन्, अघिल्लोको तुलनामा उनीहरूको तन्नेरी पुस्ता भाग्यमानी छ ।

■■■

एक अर्ब १४ करोड भारतीय जनसंख्याको आधाजस्तो हिस्सा १५-२९ वर्षेहरूको छ जुन तथ्यमाथि उभिएर विकासे कार्यकर्ताहरू 'बरदान या अभिशाप' वादविवाद गर्छन् । ८० को दशकमा चीनमा पनि युवासंख्या यस्तै दह्रो रहेको र त्यो वर्तमान आर्थिक प्रगतिको कारक रहेको केही तर्क गर्छन् । २०५० सम्म भारतीय जनसंख्यामा तन्नेरीहरूकै बाहुल्य हुने अनुमान छ । जनसंख्याको यो हिस्सालाई अघिल्लो दशकको सुरुदेखि खुला भएको उदारीकरणले व्यापक मेहनतका साथ आफ्नो पोल्टामा हाल्न खोजिरहेको छ । बहुराष्ट्रिय र स्वदेशी (भारतीय) कम्पनीहरूले युवालक्षित विज्ञापनहरू बनाउँछन् र तन्नेरीहरूमार्फत बाँकी समाज प्रभावित पार्न खोज्छन् ।



> उदारीकरणका दुई दशकमा हुर्केका तन्नेरीहरु अघिल्लो पुस्तासँग सोच्नेदेखि खाने र अन्तर्क्रिया गर्ने मामिलामा समेत फरक छन् ।

उदारीकरणका दुई दशकमा हुर्केका तन्नेरीहरू अघिल्लो पुस्तासँग सोच्नेदेखि खाने र अन्तर्क्रिया गर्ने मामिलामा समेत फरक छन् । ती 'फरक' हरूमा चाहिँ खासै परिवर्तन आएको छैन । एक दशकअघि अन्तर्राष्ट्रिय साप्ताहिक पत्रिका 'बिजनेश विक' ले लेखेको थियो, 'अघिल्लो पुस्ताले गान्धी-शैलीको गरिबी र समाजवादी सिद्धान्तलाई आदर्श मान्यो, नयाँ पुस्ता धनी हुन चाहन्छ र पूँजीवादको प्रशंसा गर्छ । अघिल्लो पुस्ता खडेरीमा हुर्क्यो, नयाँ प्रशस्त खान्कीमाझ । अघिल्लोले एउटैमात्र राज्यनियन्त्रित टिभी हेर्‍यो, नयाँले केवल र भूउपग्रहीय टिभी मार्फत (सयौं) च्यानलहरू हेर्न सक्छ । अघिल्लो एकै पार्टीको नेतृत्वको स्थिर सरकारअन्तर्गत हुर्क्यो जहाँ माथिल्लो जातको दबदबा थियो, नयाँ बदलिइरहने गठबन्धन सरकार भोग्दै छ जहाँ तल्लोजातले आवाज पाएको छ । अघिल्लोले डाक्टरी, इन्जिनियरिङ र सरकारी जागिरलाई प्राथमिकता दियो, नयाँ कम्प्युटर र धेरै तलब हुने अरू करिअरप्रति आकर्षित छ । अघिल्लो पुस्ताको स्वाद परम्परागत थियो, घरमै खान्थ्यो र चिया पिउँथ्यो, नयाँ पुस्ताको स्वाद आधुनिक छ, पश्चिमा खाना खान्छ र कोकाकोलाजस्ता सोडा पिउँछ ।'

दिन ढल्नै लाग्दा थुप्रै वृद्धहरूलाई दिल्लीका पार्कमा बेन्चमा गफिइरहेको देख्न सकिन्छ । तिनका नाति-नातिनाको अन्तर्क्रिया अर्कुट, फेसबुक र ट्वीटरमा हुन्छ । 'हो, हामीले धेरै परिवर्तन देखेका छौं,' निथिनले भन्यो- 'तर हुनुपर्ने जति भा'छैन ।'

नेपालमा जस्तो नचाहिँदो राजनीतिकृत भएका छैनन् भारतीय युवा । एक टिप्पणीकर्ता लेख्छन्- 'अनलाईन मागपत्रहरूमा माउस-क्लिक हस्ताक्षर गर्ने या ('रंग दे वसन्ती' शैलीमा) यदाकदा मैनबत्ती विरोधमा उत्रिनेबाहेक कुनै मुद्दाका लागि त्याग गर्ने र सहिद हुने उनीहरूको प्राथमिकतामा पर्दैन ।'

कतिपय सर्वेक्षणहरूमा ३० प्रतिशतसम्म युवाको राजनीतिमा जाने चाहना देखिएको छ र त्यसलाई ध्यानमा राख्दै मूलधारका पार्टीहरूले उनीहरूलाई तान्न अनेकौं प्रयास गर्छन् । सत्तारूढ कंग्रेस पार्टीका युवा महासचिव राहुल गान्धी बारम्बार क्याम्पसहरूमा गएर विद्यार्थीसँग अन्तर्क्रिया गर्छन् र उनीहरूलाई राजनीतिमा आउन आग्रह गर्छन् ।

निरंकुशता, लोकतन्त्र, रक्तपातसँग लुकामारी खेलेको र मुस्किलले दुई प्रतिशत आर्थिक वृद्धि देखेको समाजमा हुर्केको कुनै पनि नेपालीलाई भारतका कतिपय कुराले 'हाम्रो देशमा यस्तो कहिले होला' भन्न बाध्य पार्छ । तर थुप्रै वर्षदेखि १० प्रतिशतको हाराहारीमा आश्चार्यजनक आर्थिक प्रगति गरेको चीन र विश्वशक्ति अमेरिकासँग आफूलाई दाँज्न रुचाउने भारतीय तन्नेरी देशको अहिलेसम्मको उपलब्धिबाट सन्तुष्ट देखिन्नन् ।

'मलाई पटक्कै चित्त बुझ्दैन भारतबाट अहिलेसम्म गतिला अन्तर्राष्ट्रिय लेखकहरू निस्कन सकेका छैनन्,' निथिनले भन्यो । उसले सलमान रुस्दी, विक्रम सेठ र अन्य केहीको नाम लियो, तिनको लेखन शैलीको प्रशंसा गर्‍यो र थप्यो- 'तर अमेरिकामा कति धेरै लेखक छन् ।'

'त्यस्तो तुलना ठीक होइन,' मैले भनें, 'समाज कति विकसित भएको छ, त्यही लेखनमा पनि झल्किने न हो ।'

'तर हाम्रो जनसंख्या कति छ,' उसले तर्क गर्‍यो- 'त्यो हिसाबले हाम्रा लेखक पनि धेरै निस्कनुपर्ने ।'

उसले रुस्दीको 'फर', अल्बर्ट क्यामुको 'द प्लेग', क्लेजियोको 'टेरा अमाटा' बोकेको थियो । लामो सर्को नतानेका बेला ऊ पन्नाहरू पल्टाउँथ्यो ।

■■■

सर्कोको संयोग पनि कस्तो भने श्वासले त्यो साँझ मलाई 'काँ पाइन्छ होला ?' भनेको एक घन्टापछि, त्यसैगरी लोकलजस्तो लाग्नेहरूलाई सोध्ने क्रममा, केटाहरूको जम्काभेट अर्को एउटा नेपालीभाषी तन्नेरी (त्योचाहिँ सिलाङकै) सँग भएको थियो । थाहा पाउनेबित्तिकै हामी नेपालीमा कुरा गर्न थालेका थियौं जो नबुझ्दा निथिन र श्वास आफ्नै देशमा 'पाहुना' जस्ता भएका थिए । 'यहाँ हामीलाई धेरै टर्चर छ,' त्यो नेपाली भारतीयले मलाई विश्वास गर्दै भन्यो भन्यो, 'अब यो खासी स्टेट पर्‍यो, उनीहरूकै बहुमत छ । जागिरमा उनीहरूलाई प्राथमिकता । (अल्पमतमा रहेका) नेपालीहरूले केही पाउँदैनन् । त्यसैले धेरै केटाहरू यहाँ ट्याक्सी चलाउँछन् । कोही क्यालकाटा जान्छन् ।' २३ वर्षे ऊ आफैंचाहिँ कुनै एक कम्पनीमा तल्लो तहको काम गर्छ ।

विरोधाभाष त्यही थियो । उस्तै उमेरको निथिनलाई पाँच वर्षपछि के बन्छु थाहा छैन ('मलाई पत्रकारिता गर्न मन छ,' उसले भन्यो) तर ऊसँग छनोट छन् । एकाध वर्षपछि पढाइ सकिनेबित्तिकै उसले अन्तर्राष्ट्रिय लगानी बैंक गोल्डम्यान स्याक्स्समा काम पाउने पक्का भइसकेको छ । 'केही पैसा कमाएपछि सोच्नेछु जिन्दजीमा के गर्ने भनेर,' उसले भन्यो ।

'पक्कै मसँग छनोटहरू छन्,' एकैछिनमा उसले भन्यो, 'भारतका मेरै उमेरका कतिपयलाई यो सुविधा छैन । त्यसैले आर्थिक वृद्धि समावेशी हुनुपर्छ ।'

■■■

कलकत्तामा छुट्टिएको झन्डै दुई सातापछि एक अबेर राति जीटकमा निथिनले सन्देश पठायो- 'हे म्यान । आई क्विट स्मोकिङ ।'

'साँच्चि ?' उसले धुम्रपान छाडेको सुनेपछि मैले टाइप गरें- 'पत्याउनै गाह्रो । तर बधाई छ !'

'थ्याङ्क्स्,' उसले भन्यो, '(यात्रामा रहँदा) म अन्तिम पटक त्यो चाखिरहेको थिएँ भन्ने मलाई थाहा थियो । त्यसले मेरो स्वास्थ्यमा हानि पुर्‍याइरहेको थियो । रोगसँग लड्ने मेरो क्षमतालाई कमजोर पारिरहेको थियो । त्यसैले हिजो निर्णय गरें । छाडें ।'

koseli@wagle.com.np